# वार्षिक प्रगति विवरण

(आर्थिक वर्ष २०८२/८३)



नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

यातायात व्यवस्था विभाग

# सवारी परीक्षण कार्यालय

वेलबास, बुटवल, रुपन्देही

# सवारी परीक्षण कार्यालय

## परिवार

## २०८२-८३




बाँयाबाटः क.अ. श्री दिनेश बन्जाडे, शा.अ. श्री शालिकराम पन्थी, मे.सु. इश्वर कार्की, मे.ई कमल पौडेल, का.स. ध्रुव पौडेल, मे.ई. छन्द नारायण श्रेष्ठ, ना.सु. राम प्रसाद अर्याल, का.प्र. सुजन जोजिजु, का.स. यज्ञ श्याम खत्री के.सी, खरिदार श्री पार्वती पुन, मे.सु दानमाया बस्नेत, का.स हुमा कार्की, ह.स.चा. रामचन्द्र राना, मे.सु. संजय कुमार यादव र लेखापाल चक्रपाणी पाण्डेय

# विषय सूची


१. परिच्छेद - एक ........ १

१.१ परिचय ........ १

१.२ कार्यक्षेत्र ........ १

१.३ संगठन संरचना ........ ३

१.४ दरबन्दी विवरण ........ ४

१.५ कार्य जिम्मेवारी ........ ४

१.५.१ प्रशासन तथा यातायात व्यवस्थापन शाखा ........ ४

१.५.२ निरीक्षण तथा अनुगमन शाखा ........ ५

१.५.३ परीक्षण तथा अनुशन्धान शाखा ........ ५

१.५.४ आर्थिक प्रशासन शाखा ........ ६

१.६ सम्बन्धित ऐन, नियम, कार्यविधि र मापदण्ड ........ ६

२. परिच्छेद – दुई ........ ७

२.१ अन्तर प्रदेश सार्वजनिक सवारी संख्या ........ ७

२.२ अन्तरप्रदेश बाटो इजाजत नयाँ दर्ता र सरुवा सहमति ........ ७

२.३ अन्तर प्रदेश सार्वजनिक सवारीको बाटो इजाजत पत्र नविकरण ........ ८

२.४ अन्तरप्रदेश चल्ने सार्वजनिक सवारीको जाँचपास ........ ९

२.५ प्रदूषण परीक्षण ........ ९

२.६ यातायात सेवा पञ्जिकरण ........ ९

२.७ सडक सक्षमता परीक्षण (Road Worthiness Test) ........ १०

२.८ स्तर कायम ........ १०

२.९ सम्पन्न गरिएका कार्यक्रमहरु ........ १०

२.९.१ बाटो इजाजत सम्बन्धी छलफल कार्यक्रम ........ १०

२.९.२ प्रदूषण अभिमुखिकरण एवम् जनचेतना अभिवृद्धि कार्यक्रम ........ ११

२.९.३ सडक दुर्घटना सम्बन्धी जनचेतना मूलक कार्यक्रम ........ १२

२.९.४ अन्तर प्रदेश चल्ने सार्वजनिक सवारीहरुको घुम्ती सेवा कार्यक्रम ........ १४

२.९.५ अन्तरप्रदेश चल्ने सार्वजनिक यातायातको अनुगमन निरीक्षण ........ १६

२.९.६ लुम्बिनी प्रदेश मातहतका यातायात व्यवस्था कार्यालयहरुसँग समन्वय बैठक.....१९

२.१० प्राविधिक सेवा प्रदान........................................................................२१

३. परिच्छेद – तीन........................................................................२२

३.१ राजश्व संकलन........................................................................२२

३.२ विनियोजित बजेट तथा खर्चको प्रगति........................................................................२३

३.३ लेखापरीक्षण तथा वेरुजु........................................................................२४

३.४ जिन्सी निरीक्षण तथा लिलामी........................................................................२४

४. परिच्छेद – चार........................................................................२५

४.१ सार्वजनिक सेवा प्रवाह........................................................................२५

४.१.१ राजश्व भुक्तानीमा सहजिकरण........................................................................२५

४.१.२ सेवाग्राही सहयता कक्ष........................................................................२५

४.१.३ गुनासो सुन्ने अधिकारीको व्यवस्था........................................................................२५

४.१.४ अतिरिक्त समयमा पटके सेवा........................................................................२५

४.२ सूचनाको हक........................................................................२६

४.२.१ वेभसाइट निर्माण........................................................................२६

४.२.२ स्वतः प्रकाशित........................................................................२६

४.२.३ सूचना अधिकारी........................................................................२६

४.३ सुशासन........................................................................२६

४.३.१ इ-हाजिरी........................................................................२६

४.३.२ एकिकृत कार्यालय व्यवस्थापन प्रणाली........................................................................२६

४.४ अन्य........................................................................२७

४.४.१ ३ फेज लाइन जडान........................................................................२७

४.४.२ इन्टरकम जडान........................................................................२७

४.४.३ आधिकारिक इमेल........................................................................२७

# परिच्छेद - एक

## १.१ परिचय

नेपालको सार्वजनिक सडक यातायातलाई दिगो, सहज, सुरक्षित, वातावरण मैत्री तथा सर्वसुलभ बनाउनका निम्ति सवारीको नियमित परीक्षण गराउन अत्यन्त जरुरी छ । नेपालमा सार्वजनिक यातायातको व्यवस्थापन र नियमन संघ र प्रदेशका निकायहरु मार्फत भइरहेका छन्। नेपालको संविधान २०७२ अनुसार यातायात सम्बन्धी राष्ट्रिय नीति तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन संघको एकल क्षेत्राधिकारमा पर्दछ।

नेपाल सरकारबाट मिति २०७३।१०।१८ मा स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदनमा यातायात व्यवस्थापन अन्तर्गत तीनै तहका सरकारहरुवाट हुने उल्लेख गरिएको छ ।सोही अनुरुप दुई वा दुई भन्दा बढी प्रदेश भई सञ्चालन हुने सार्वजनिक यातायातको बाटो इजाजत जारी, नविकरण, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यहरु पूर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था विभाग अन्तर्गत सवारी परीक्षण कार्यालयबाट हुने गरी स्थापना भएको हो ।यस कार्यालयको स्थापना मिति २०७७/०३/०५ गते लुम्बिनी प्रदेशको बुटवल उप-महानगरपालिका १३, वेलबासमा भएको हो।

## १.२ कार्यक्षेत्र

क दुई वा सो भन्दा बढी प्रदेश भई सञ्चालन हुने वा नेपाल भरी सञ्चालन हुने सार्वजनिक सवारी साधनहरु (यात्रुवाहक/मालवाहक) को बाटो ईजाजत पत्र, स्तर कायम, जाँचपास र प्रदूषण परीक्षण गर्ने।

ख विदेशवाट पार्टपुर्जा तथा सामाग्री झिकाई नेपालमा जडान (एसेम्वल) हुने सवारी साधनको Roadworthiness Test गरि सोको प्रतिवेदन विभागमा पठाउने।

ग रात्री सेवा, स्तरीय सेवा,डिलक्स तथा सुपर डिलक्स सेवामा सञ्चालन हुने सार्वजनिक सवारी साधनको मापदण्ड अनुसार सवारी निरीक्षण गरी तोकिएको अवधिसम्म सञ्चालन को स्वीकृति दिने।

घ कुनै पनि सवारीको बडी बिल्डिङ्ग तथा मर्मत कार्य गर्ने वर्कसप र च्यासिस आयात गरी वा निर्माण गरी इन्जिन लगायतका अन्य पार्टपुर्जा बडी समेत एसेम्वल गरी सवारी साधन तयार गर्ने कारखानाहरुको विभागको निर्देशानुसार अध्ययन गरी दर्ताको लागि सिफारिश गर्ने र समय समयमा त्यस्ता कारखानाहरुको अनुगमन निरीक्षण गरी प्रतिवेदन विभागमा पठाउने।

ङ राष्ट्रिय लोकमार्ग वा अन्तरप्रदेश लोकमार्गमा हुने सडक दुर्घटना सम्वन्धी अध्ययन अनुसन्धान गर्ने।

च राष्ट्रिय मापदण्ड अनुसार सवारी चालक प्रशिक्षण केन्द्र, वर्कसप, कलकारखानाहरुको अनुगमन गर्ने र नियमित प्रतिवेदन विभागमा पठाउने।

छ राष्ट्रिय लोकमार्गमा चल्ने सार्वजनिक सवारी साधनको अधिकतम गति निर्धारणको अध्ययन गरी सिफारिश गर्ने।

ज अन्तरप्रदेश तथा राष्ट्रिय लोकमार्गमा चल्ने सवारी साधनहरुको नियमित स्थलगत अनुगमन (भाडादर, सिट क्षमता, बाटो ईजाजत, जाँचपास आदि) गर्ने।

झ प्रदेश अन्तरगत रहेका यातायात व्यवस्था कार्यालय तथा सेवा कार्यालयहरुसंग संघले निर्माण गरेका मापदण्डहरुको कार्यान्वयनमा समन्वय गर्ने र ती कार्यालयका कर्मचारीहरुलाई आवश्यक तालिम तथा राय सुझावहरु प्रदान गर्ने।

ञ Vehicle Fitness Test Centreको निर्माण गरी नियमित संचालन तथा मर्मत संभार गर्ने व्यवस्था मिलाउने।

ट यातायात व्यवस्थापन क्षेत्रमा गर्नुपर्ने अध्ययन अनुसन्धानका विषयमा विभागको निर्देशन तथा सहमतिको आधारमा आवश्यक अध्ययन अनुसन्धान गरी राय सुझाव सहित प्रतिवेदन पठाउने।


ठ सवारी साधनको प्रदुषण अनुगमन गर्ने तथा प्राविधिक अनुगमनमा आवश्यक सहयोग गर्ने।

ड विभागले समय समयमा तोकेका अनुसन्धानात्मक र अध्ययन सम्वन्धी कार्यहरु गर्ने।

ढ सरकारी तथा सार्वजनिक निकायहरुलाई  सवारी साधन सम्वन्धी आवश्यक प्राविधिक परामर्श सेवा उपलब्ध गराउने।

## १.३ संगठन संरचना

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग
**सवारी परीक्षण कार्यालय,बुटवलको संगठन संरचना**




चित्र १ कार्यालयको संगठन संरचना

## १.४ दरबन्दी विवरण

| सि.नं. | श्रेणी | पद | संख्या | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|
| १. | रा.प. द्वि.(प्रा.) | कार्यालय प्रमुख (सि.डि.ई. मेकानिकल) | १ | १ | ० |
| २. | रा.प.तृतीय(प्रा.) | मेकानिकल ईन्जिनियर | २ | २ | ० |
| ३. | रा.प.तृ (प्र.) | शाखा अधिकृत | १ | १ | ० |
| ४. | रा.प.अनं. प्रथम | मेकानिकल सुपरभाईजर | ३ | ३ | ० |
| ५. | रा.प.अनं. प्रथम | नायव सुव्वा | १ | १ | ० |
| ६. | रा.प.अनं. प्रथम | लेखापाल | १ | १ | ० |
| ७. | रा.प.अनं. प्रथम | कम्प्युटर अपरेटर | १ | १ | ० |
| ८. | रा.प.अनं. द्वितिय | खरिदार | १ | १ | ० |
| ९. | श्रेणीविहीन | हलुका सवारी चालक | १ | १ | ० |
| १०. | श्रेणीविहीन | कार्यालय सहयोगी | २ | २ | ० |
| | | जम्मा | १४ | १४ | ० |

## १.५ कार्य जिम्मेवारी

### १.५.१ प्रशासन तथा यातायात व्यवस्थापन शाखा

- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, नियमावली, २०५४ र यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० लगायतका अन्य मापदण्ड तथा निर्देशिका/परिपत्रहरुको बमोजिमको प्रकृया पूरा गरेका नयाँ तथा पुराना सवारी साधनहरुको रुट परमिट (बाटो ईजाजत) दिने, नविकरण गर्ने,इजाजतको सरुवा सहमति सम्बन्धी कार्य गर्ने।
- कार्यालयको दैनिक प्रशासन र कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने।
- सम्पत्ति तथा मालसामानको व्यवस्थापन गर्ने।
- सूचना अधिकारीको रुपमा कार्य गर्ने।

### १.५.२ निरीक्षण तथा अनुगमन शाखा

- नयाँ तथा पुराना सवारी साधनहरुको जाँचपास गर्ने।
- सवारीको Visual Inspection गर्ने ।
- रात्री सेवा, स्तरीय सेवा, डिलक्स तथा सुपर डिलक्स सेवामा सञ्चालन हुने सवारी साधनहरुको मापदण्ड अनुसार सवारी निरीक्षण गर्ने।
- सवारी साधनहरुको नियमित तथा छड्के अनुगमन तथा निरीक्षण गर्ने।
- अन्तर प्रदेश तथा राष्ट्रिय लोकमार्गमा चल्ने/गुड्ने सवारी साधनहरुको नियमित सडक अनुगमन (भाडादर, सीट क्षमता, जाँचपास, रुट ईजाजत आदि) गर्ने।
- राष्ट्रिय मापदण्ड अनुसार सवारी चालक प्रशिक्षण केन्द्र, वर्कशप, कलकारखानाहरुको नियमित अनुगमन गर्ने।
- सरकारी तथा सार्वजनिक निकायहरुलाई सवारी साधन सम्बन्धी आवश्यक प्राविधिक परामर्श सेवा उपलव्ध गराउने।

### १.५.३ परीक्षण तथा अनुशन्धान शाखा

- नयाँ तथा पुराना सवारी साधनहरुको यन्त्रबाट गरिने परिक्षण गर्ने।
- अन्तर प्रदेशको स्थायी बाटो तथा भाडादर कायम गर्नका लागि सिफारिस गर्ने ।
- Road Worthiness Test गर्ने।
- सवारी साधनहरुको मर्मत गर्ने Workshop हरुको दर्ता /संचालन स्वीकृति कार्य गर्ने।
- संघीय मापदण्ड कार्यान्वयन सम्बन्धमा आवश्यक तालिम सञ्चालन गर्ने।
- अधिकतम गति निर्धारण तथा यातायात व्यवस्थापन गर्नु पर्ने अध्ययन अनुसन्धान गर्ने।
- सरकारी तथा सार्वजनिक निकायहरुलाई प्राविधिक परामर्श सेवा उपलव्ध गराउने।
- राष्ट्रिय लोकमार्ग वा अन्तरप्रदेश लोकमार्गमा हुने सडक दुर्घटना सम्वन्धि अध्ययन अनुसन्धान तथा Mechanical Forensics गर्ने ।

### १.५.४ आर्थिक प्रशासन शाखा

- आर्थिक कारोबारसँग सम्बन्धित भुक्तानी निकासा माग गर्ने व्यवस्था मिलाउने
- खर्चको फाँटबारी तथा आर्थिक विवरण प्रमाणित गराउने
- आन्तरिक लेखा परीक्षण र महालेखा परीक्षक कार्यालयबाट हुने लेखा परीक्षण गराउने
- वेरुजुको लागत राख्ने र फस्यौट गर्ने

## १.६ सम्बन्धित ऐन, नियम, कार्यविधि र मापदण्ड


- सवारी तथा यातायात व्यवस्था ऐन, २०४९
- सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४
- यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६०
- मालवाहक सवारीको भारवहन नियमन निर्देशिका, २०७४
- बाटो निर्धारण निर्देशिका, २०७४
- मझौला तथा साना सवारी निरीक्षण र परिक्षणको मापदण्ड तथा सवारी प्रदूषण निर्देशिका, २०७४
- कारखाना तथा वर्कशप सञ्चालन निर्देशिका, २०७४
- स्कूल बस निर्देशिका, २०७४
- बस बडी बिल्डिंग मापदण्ड, २०७४
- नेपाल सवारी प्रदुषण मापदण्ड , २०८२
- सुरक्षित तथा प्रविधिमैत्री सवारी सञ्चालन सम्बन्धी मापदण्ड,२०८३

# परिच्छेद – दुई

कार्यालयले सम्पादन गरेको मुख्य मुख्य कार्यहरु तथा प्रगति विवरणहरु निम्नानुसार रहेका छन्:-

## २.१ अन्तर प्रदेश सार्वजनिक सवारी संख्या

यस कार्यालयको अभिलेख बमोजिम अन्तर प्रदेश चल्ने सार्वजनिक सवारीहरु जम्मा ७०९८ रहेका छन् । यसमध्ये ट्रक, बस र साना सवारीको संख्या क्रमश: ४०२८, २२२३ र ८४७ रहेको छ ।(चित्र २)




**चित्र २ अन्तर प्रदेश सार्वजनिक सवारी संख्या**

## २.२ अन्तरप्रदेश बाटो इजाजत नयाँ दर्ता र सरुवा सहमति

यस कार्यालयबाट कुल जम्मा ४८२ वटा सार्वजनिक सवारीलाई नयाँ अन्तर प्रदेश बाटो इजाजतपत्र प्रदान गरिएको छ ।धेरै नयाँ दर्ता हुनेमा बसको संख्या ३१० रहेको छ भने सबै भन्दा कम ६१ वटा ट्रक दर्ता भएका छन्।अन्य कार्यालयबाट सरुवा सहमति लिई दर्ता कायम भएका सबैभन्दा धेरै सार्वजनिक सवारीमा ट्रकको संख्या ५६ रहेको छ।साथै यस कार्यालयबाट सवारी धनीको निवेदनको आधारमा अन्य कार्यालयमा सरुवा रहमति दिई पठाइएका सार्वजनिक सवारीको


संख्या १६६ रहेको छ । यस कार्यालयको दर्तामा थपिएका सार्वजनिक सवारीको कुल जम्मा संख्या ४०६ रहेको देखिन्छ ।(तालिका १)

**तालिका १ नयाँ बाटो इजाजत पत्र प्रदान तथा सरुवा रहमति विभिन्न सार्वजनिक सवारी अनुसार**

| सार्वजनिक सवारीको प्रकार | सार्वजनिक सवारीको संख्या | | | |
|---|---|---|---|---|
| | सरुवा सहमती आइ दर्ता भएका | नयाँ दर्ता भएका | सरुवा सहमति दिई पठाइएका | जम्मा थप भएका |
| ट्रक | ५६ | ६१ | (५९) | ५८ |
| बस | २१ | ३१० | (६८) | २६३ |
| साना सवारी | १३ | १११ | (३९) | ८५ |
| जम्मा | ९० | ४८२ | (१६६) | ४०६ |

## २.३ अन्तर प्रदेश सार्वजनिक सवारीको बाटो इजाजत पत्र नविकरण


सवारी तथा यातायात व्यवस्था ऐन र सवारी तथा यातायात व्यवस्था नियमावली बमोजिम अन्तर प्रदेश चल्ने सार्वजनिक सवारी साधानहरुको बाटो इजाजत पत्र नविकरण प्रत्येक चार महिनामा गर्नुपर्ने प्रावधान रहेको छ। यस आर्थिक वर्षमा कुल जम्मा १००६५ पटक अन्तर प्रदेश बाटो इजाजतपत्र नविकरण गरिएको छ।सबैभन्दा धेरै ११६५ पटक नविकरण असार महिनामा भएको देखिन्छ।(चित्र ३)




**चित्र ३ अन्तरप्रदेश चल्ने सार्वजनिक सवारीको बाटो इजाजत नविकरण**

## २.४ अन्तरप्रदेश चल्ने सार्वजनिक सवारीको जाँचपास

सवारी तथा यातायात व्यवस्था ऐन र सवारी तथा यातायात व्यवस्था नियमावली बमोजिम अन्तर प्रदेश चल्ने सार्वजनिक सवारी साधानहरुको जाँचपास नविकरण प्रत्येक छ महिनामा गर्नुपर्ने प्रावधान रहेको छ। यस आर्थिक वर्षमा कुल जम्मा ८९२२ पटक जाँचपास गरिएको छ। सबैभन्दा धेरै पुष महिनामा ९६१ वटा र सबैभन्दा कम बैशाख महिनामा जम्मा ४३२ वटा जाँचपास भएको देखिन्छ। (चित्र ४)




चित्र ४ अन्तर प्रदेश सार्वजनिक सवारीको जाँचपास

## २.५ प्रदूषण परीक्षण

यस आर्थिक वर्षमा अन्तरप्रदेश चल्ने तथा अन्तर देश चल्ने सार्वजनिक सवारीहरु गरी जम्मा ९ वटा प्रदूषण परिक्षण भएको। प्रदूषण परीक्षण गर्ने मेशिन बिग्रिएको र नयाँ खरिद असार महिनामा मात्र सम्पन्न भएकोले कम प्रदूषण परीक्षण भएको।

## २.६ यातायात सेवा पञ्जिकरण


यस आर्थिक वर्षमा जम्मा १ वटा यातायात सेवा (श्री आकृती हार्डवेयर एण्ड सप्लायर्स) पञ्जिकरण भएको छ। सो यातायात सेवामा ५ वटा मालवाहक टिप्पर पञ्जिकृत भएका छन्।

## २.७ सडक सक्षमता परीक्षण (Road Worthiness Test)

यस आर्थिक वर्षमा यातायात व्यवस्था विभागको निर्देशन बमोजिम जम्मा ३ वटा सडक सक्षमता परीक्षण गरी विभागमा सिफारिस गरिएको छ।

## २.८ स्तर कायम

यस आर्थिक वर्षमा जम्मा ११७ वटा अन्तर प्रदेश चल्ने सार्वजनिक बसहरुको स्तर कायम गरिएको छ।सबैभन्दा धेरै असोजको महिनामा स्तर भएको छ। व्यवसायीहरुले चाडपर्व लक्षित गरी नयाँ बसहरुको स्तर कायम गर्ने गरेको देखिन्छ।(चित्र ५)




चित्र ५ अन्तर प्रदेश चल्ने बसहरुको स्तर कायम

## २.९ सम्पन्न गरिएका कार्यक्रमहरु

### २.९.१ बाटो इजाजत सम्बन्धी छलफल कार्यक्रम

अन्तरप्रदेश चल्ने सार्वजनिक सवारीहरुले यातायात व्यवस्था ऐन तथा नियम बमोजिम लिनुपर्ने अन्तर प्रदेश वा नेपालभरीको बाटो इजाजत दर्ता, नविकरण, सरुवा सहमति तथा सरोकारवालाहरुको चासोका विषयमा भालुवाङ्ग, दाङ्गमा मिति २०८२।१०।२२ गते बाटो इजाजत सम्बन्धी छलफल कार्यक्रम सम्पन्न गरिएको । (चित्र ६)



चित्र ६ बाटो इजाजत सम्बन्धी छलफल कार्यक्रम

## २.९.२ प्रदूषण अभिमुखिकरण एवम् जनचेतना अभिवृद्धि कार्यक्रम

### २.९.२.१ प्रदूषण अभिमुखिकरण एवम् जनचेतना अभिवृद्धि कार्यक्रम कावासोती नवलपरासी

सवारी तथा यातायात व्यवस्थापन क्षेत्रका सरोकारवालाहरुसंग मिति २०८२/१०/०५ गते कावासोती खानेपानी तथा सरसफाई उपभोक्ता संस्था लि कावासोती-०२ नवलपरासीमा प्रदूषण अभिमुखिकरण एवम् जनचेतना अभिवृद्दि कार्यक्रम सम्पन्न भएको।(चित्र ७)




चित्र ७ प्रदूषण अभिमुखीकरण एवं जनचेतना अभिवृद्दि कार्यक्रम

२.९.२.२ प्रदूषण अभिमुखिकरण एवम् जनचेतना अभिवृद्धि कार्यक्रम सुनवल नवलपरासी

सवारी तथा यातायात व्यवस्थापन क्षेत्रका सरोकारवालाहरुसंग मिति २०८३/०२/१० गते सुनवल नवलपरासीमा प्रदूषण अभिमुखिकरण एवम् जनचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न भएको।(चित्र ८)



चित्र ८ प्रदूषण अभिमुखिकरण एवम् जनचेतना अभिवृद्दि कार्यक्रम सुनवल

२.९.३ सडक दुर्घटना सम्बन्धी जनचेतना मूलक कार्यक्रम

२.९.३.१ सडक दुर्घटना सम्बन्धी जनचेतना मूलक कार्यक्रम, तानसेन पाल्पा

मिति २०८२/१०/१५ गते श्री पद्म पब्लिक नमुना मा वि तानसेनको सभाहलमा कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरुलाई यस कार्यालय र ट्राफिक प्रहरी कार्यालय तानसेनको तर्फबाट सडक दुर्घटना न्यूनिकरण सम्बन्धी जनचेतना मूलक कार्यक्रम सम्पन्न भएको ।

कार्यक्रममा १०० जना विद्यार्थी सहभागी भएका थिए ।प्रमुख अतिथि श्री पद्म पब्लिक नमुना मा वि का प्रधानाध्यापक ज्यूले यस किसिमको कार्यक्रमले विद्यार्थी तथा शिक्षक शिक्षिकालाई समेत जानकारी हुने मौका मिल्ने र सरकारी कार्यालयहरुसँगको सहकार्यमा यस्तै अन्य जीवन उपयोगी कार्यक्रमहरु गर्दै विद्यार्थीको वृद्दि विकासमा सहयोग हुने धारणा राख्नुभयो। सिकाइ मापनका

लागि कार्यक्रमको अन्त्यमा बहुवैकल्पिक प्रश्नहरु विद्यार्थीहरुलाई दिइ सोको समिक्षा समेत गरिएको ।(चित्र ९)




**चित्र ९ सडक दुर्घटना सम्बन्धी जनचेतना कार्यक्रम**

### २.९.३.२ सडक दुर्घटना सम्बन्धी जनचेतना मूलक कार्यक्रम, वर्दघाट

मिति २०८३/०३/१९ गते श्री दिव्यज्योती बहुमुखी क्याम्पस वर्दघाटको सभाहलमा कक्षा ११ का विद्यार्थीहरुलाई यस कार्यालय र अस्थायी ट्राफिक प्रहरी पोष्ट वर्दघाटको तर्फबाट सडक दुर्घटना न्यूनिकरण सम्बन्धी जनचेतना मूलक कार्यक्रम सम्पन्न गरियो। कार्यक्रममा १०२ जना विद्यार्थीहरु सहभागी भएका थिए।

प्रमुख अतिथि श्री दिव्यज्योती बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख ज्यूले यस किसिमको कार्यक्रमले विद्यार्थी तथा शिक्षक शिक्षिकालाई समेत जानकारी हुने मौका मिल्ने र सरकारी कार्यालयहरुसँगको सहकार्यमा यस्तै अन्य जिवन उपयोगी कार्यक्रमहरु गर्दै विद्यार्थीको वृद्धि विकासमा सहयोग हुने धारणा राख्नुभयो। सिकाइ मापनका लागि कार्यक्रमको अन्त्यमा बहुवैकल्पिक प्रश्नहरु विद्यार्थीहरुलाई दिइ सोको समिक्षा समेत गरिएको ।(चित्र १०)




चित्र १० सडक दुर्घटना सम्बन्धी जनचेतना कार्यक्रम वर्दघाट

## २.९.४ अन्तर प्रदेश चल्ने सार्वजनिक सवारीहरुको घुम्ती सेवा कार्यक्रम

### २.९.४.१घुम्ती सेवा कार्यक्रम नेपालगञ्ज

सवारी परीक्षण कार्यालय नभएको र अन्तर प्रदेश चल्ने सार्वजनिक सवारीहरुको जाँचपासका लागि समस्या भइ घुम्ती सेवा प्रदान गरिदिन नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको आग्रहमा यातायात व्यवस्था विभागको निर्देशनमा मिति २०८३।०१।२१ देखि मिति २०८३।०१।२३ सम्मभेरी बस व्यवसायी प्रा लिको सभाहल, नेपालगञ्जमा अन्तर प्रदेश चल्ने सार्वजनिक सवारीहरुको जाँच पास सम्बन्धी घुम्ती सेवा प्रदान गरिएको ।

सो कार्यक्रममा बस तथा ट्रक व्यवसायीहरु, टान्सपोर्ट, चालक, हेभी इक्युपमेन्ट कम्पनी र लुम्बिनी प्रदेशको यातायात व्यवस्था कार्यालय, बाँकेबाट समेत गरी ४० जनाको प्रतिनिधित्व भएको थियो। कार्यक्रमको उद्देश्य र विधि बारे अभिमुखीकरण पश्चात सार्वजनिक सवारीको घुम्ती जाँच पास गरी तत्कालै जाँचपास प्रमाणपत्र जारी समेत गरियो ।(चित्र ११)




**चित्र ११ अन्तर प्रदेश सार्वजनिक सवारीलाई घुम्ती सेवामा जाँचपास प्रदान गरिदै, बाँके**

उक्त कार्यक्रममा सहभागीहरुले नेपालगञ्जबाट अन्तरप्रदेश छुट्ने सार्वजनिक सवारीको जाँचपास तथा बाटो इजाजत नियमित रुपमा सोही स्थानबाट सेवा प्रवाह हुने गरी मिलाउन आग्रह गर्नुभएको। सो सम्भव नभएसम्म नियमित घुम्ती सेवा वा लुम्बिनी प्रदेश अन्तर्गतको यातायात व्यवस्था कार्यालयहरुलाई अधिकार प्रत्यायोजन गरी सेवामा सहजिकरण हुनुपर्ने माग राख्नुभएको ।

## २.९.४.२घुम्ती सेवा कार्यक्रम, दाङ

सवारी परीक्षण कार्यालय नभएको र अन्तर प्रदेश चल्ने सार्वजनिक सवारीहरुको जाँचपासका लागि समस्या भइ घुम्ती सेवा प्रदान गरिदिन नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघको आग्रहमा यातायात व्यवस्था विभागको निर्देशनमा मिति २०८३।०१।२४ देखि मिति २०८३।०१।२५ सम्म त्रिसिद्धेश्वरी यातायात प्रा लि दाङको सभाहलमा अन्तर प्रदेश चल्ने सार्वजनिक सवारीहरुको जाँचपास सम्बन्धी घुम्ती सेवा प्रदान गरिएको ।

सो कार्यक्रममा बस तथा ट्रक व्यवसायीबाट ४० जना प्रतिनिधित्व भएको थियो। कार्यक्रमको उद्देश्य र विधि बारे अभिमुखीकरण पश्चात सार्वजनिक सवारीको घुम्ती जाँच पास गरी तत्कालै जाँचपास प्रमाणपत्र जारी समेत गरियो ।(चित्र १२)




**चित्र १२ अन्तर प्रदेश सार्वजनिक सवारीको घुम्ती जाँचपास सेवा दाङ**

उक्त कार्यक्रममा सहभागीहरुले दाङ्गबाट अन्तरप्रदेश छुट्ने सार्वजनिक सवारीको जाँचपास तथा बाटो इजाजत नियमित रुपमा त्यतैबाट सेवा प्रवाह हुने गरी मिलाउन आग्रह गर्नुभएको । सो सम्भव नभएसम्म नियमित घुम्ती सेवा वा लुम्बिनी प्रदेश अन्तर्गतको यातायात व्यवस्था कार्यालयहरुलाई अधिकार प्रत्यायोजन गरी सेवामा सहजिकरण हुनुपर्ने माग राख्नुभएको ।

### २.९.५ अन्तरप्रदेश चल्ने सार्वजनिक यातायातको अनुगमन निरीक्षण

#### २.९.५.१ अन्तरप्रदेश सार्वजनिक यातायातको अनुगमन निरीक्षण, वर्तुङ्ग पाल्पा

यस कार्यालयको आयोजनामा नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवल रुपन्देही, जिल्ला प्रहरी कार्यालय पाल्पा र जिल्ला ट्राफिक प्रहरी कार्यालय पाल्पाको समन्वयमा मिति २०८३।०२।२५ गते तानसेन नगरपालिका वडा नं ६ वर्तुङ्गमा अन्तरप्रदेश चल्ने सार्वजनिक सवारीको संयुक्त अनुगमन गरिएको ।(चित्र १३)



**चित्र १३ नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयको समन्वयमा अनुगमन वर्तुङ्ग पाल्पा**

यस अनुगमनमा विभिन्न ८८ वटा सार्वजनिक सवारी साधनहरुलाई यातायात व्यवस्था ऐन तथा नियमावली र यातायात व्यवस्था कार्यविधि २०६० संशोधित बमोजिम अनुगमन तथा निरीक्षण गर्नुका साथै ट्राफिक नियम उल्लंघन गरेका ९वटा सवारी साधानहरुलाई नियमानुसार कारवाही गरिएको र स्विकृति विना जडान गरिएका फग लाइट समेत हटाईएको ।

### २.९.५.२ अन्तरप्रदेश सार्वजनिक यातायातको अनुगमन निरीक्षण, वर्दघाट

यस कार्यालयको आयोजनामा नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवल रुपन्देही, जिल्ला प्रहरी कार्यालय नवलपरासी पश्चिम र जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपरासी पश्चिमको सहकार्यमा मिति २०८३।०२।२९ गते नवलपरासी बर्दघाट नगरपालिका वडा नं ०६ TCN चोक स्थित सडक खण्डमा अन्तरप्रदेश चल्ने सार्वजनिक सवारीको संयुक्त अनुगमन गरिएको । (चित्र १४ र चित्र १५)




चित्र १४ नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयको समन्वयमा अनुगमन बर्दघाट नवलपरासी

यस अनुगमनमा विभिन्न १६३ वटा सार्वजनिक सवारी साधनहरुलाई यातायात व्यवस्था ऐन तथा नियमावली र यातायात व्यवस्था कार्यविधि २०६० संशोधित बमोजिम अनुगमन तथा निरीक्षण गर्नुका साथै ट्राफिक नियम उल्लंघन गरेका  ८ वटा सवारी साधानहरुलाई नियमानुसार कारवाही गरिएको र स्विकृति विना जडान गरिएका फग लाइट समेत हटाईएको ।




चित्र १५ नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयको समन्वयमा अनुगमन हुदै बर्दघाट

## २.९.६ लुम्बिनी प्रदेश मातहतका यातायात व्यवस्था कार्यालयहरुसँग समन्वय बैठक

### २.९.६.१ समन्वय बैठक, देउखुरी, दाङ

उद्योग, पर्यटन तथा यातायात मन्त्रालय लुम्बिनी प्रदेशका श्रीमान् सचिव श्री नारद गौतमज्यूको समन्वयमा प्रदेश मन्त्रालय अन्तर्गतका यातायात व्यवस्था कार्यालयहरु र सवारी परीक्षण कार्यालयबीच मिति २०८३।०३।१५ गते देउखुरी मन्त्रालयका सचिवज्यूको कार्यकक्षमा यातायात सेवाका क्षेत्रमा देखिएका कार्यहरुको दोहोरोपना, कार्यक्षेत्र, सेवाग्राहीका समस्या र समाधानका उपायहरु र अन्य चुनौतीहरु बारे समन्वय छलफल बैठक सम्पन्न भएको । सो कार्यक्रममा यातायात व्यवस्था कार्यालय, बाँके, यातायात व्यवस्था कार्यालय, दाङ र यातायात व्यवस्था सेवा कार्यालय, भालुवाङ्गका कार्यालय प्रमुख र कर्मचारीहरुको उपस्थिति रहेको थियो ।(चित्र १६)




चित्र१६ लुम्बिनी प्रदेश अन्तर्गतका यातायात व्यवस्था कार्यालयहरुसँग समन्वय बैठक दाङ

### २.९.६.२ समन्वय बैठक, बुटवल

उद्योग, पर्यटन तथा यातायात मन्त्रालय लुम्बिनी प्रदेशका श्रीमान् सचिव श्री नारद गौतमज्यूको समन्वयमा प्रदेश मन्त्रालय अन्तर्गतका यातायात व्यवस्था कार्यालयहरु र सवारी परीक्षण कार्यालयबीच मिति २०८३।०३।२० गते श्रम तथा रोजगार कार्यालय बुटवलको सभाहलमा यातायात सेवाका क्षेत्रमा देखिएका कार्यहरुको दोहोरोपना, कार्यक्षेत्र, सेवाग्राहीका समस्या र समाधानका उपायहरु र अन्य चुनौतीहरु बारे समन्वय छलफल बैठक सम्पन्न भएको । सो कार्यक्रममा यातायात व्यवस्था कार्यालय (सवारी), रुपन्देही, यातायात व्यवस्था सेवा कार्यालय, भैरहवा र यातायात व्यवस्था सेवा कार्यालय, पाल्पा, र यातायात व्यवस्था सेवा कार्यालय, नवलपरासी (ब.सु.पु), रयातायात व्यवस्था सेवा कार्यालय, कपिलबस्तुका कार्यालय प्रमुख र कर्मचारीहरुको उपस्थिति रहेको थियो ।(चित्र १७)




चित्र १७ लुम्बिनी प्रदेश अन्तर्गतका यातायात व्यवस्था कार्यालयहरुसँग समन्वय बैठक बुटवल

## २.१० प्राविधिक सेवा प्रदान


यस आर्थिक वर्षमा विभिन्न स्थानीय तह, प्रादेशिक तथा संघीय कार्यालयहरुमा नयाँ मालसामान तथा सवारी खरिदका लागि प्राविधिक स्पेशिफिकेशन र लागत अनुमान, सम्पत्ति तथा मालसामानको मुल्याङ्कन, र पुराना काम नलाग्ने सम्पत्ति तथा मालसामानको लिलामी प्रकृयामा यस कार्यालयले मेकानिकल प्राविधिक सेवा प्रदान गरेको छ । प्राविधिक सेवा प्रदान गरिएका कार्यालयहरु निम्नानुसार रहेका छन्

- शिवराज नगरपालिका चन्द्रौटा, कपिलबस्तु
- मर्चवारी गाँउपालिका, खैरा, रुपन्देही
- हेवी इक्युप्मेन्ट डिभिजन, रुपन्देही
- डिभिजन वन कार्यालय, लुम्बिनी प्रदेश, रुपन्देही
- सुस्ता गाँउपालिका,(बर्दघाट सुस्ता पश्चिम)
- इलाका प्रशासन कार्यालय, चन्द्रौटा, कपिलबस्तु
- जिल्ला प्रहरी कार्यालय, परासी, (बर्दघाट सुस्ता पश्चिम)
- भन्सार कार्यालय, भैरहवा
- लुम्बिनी प्रदेशिक अस्पताल, बुटवल
- तानसेन नगरपालिका, पाल्पा
- सियारी गाँउपालिका, हर्नैया, रुपन्देही
- नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, रुपन्देही
- छत्रकोट गाँउपालिका, गुल्मी
- गुणस्तर तथा नापतौल कार्यालय, बुटवल

# परिच्छेद – तीन

## ३.१ राजश्व संकलन


यस आर्थिक वर्षमा राजश्व संकलन रु ६८०२०४९० (अक्षरेपी रु छ करोड असी लाख बीस हजार चार सय नब्बे) रहेको छ। विगतको दुई आर्थिक वर्षभन्दा यस वर्षको राजश्व धेरै रहेको छ।(चित्र १८)




**चित्र १८ राजश्व विवरण**

संकलित राजश्वको विवरण हेर्दा राजश्व शिर्षक नं १४२२५ बाट बाटो इजाजत वापत ९१.४१% (रु ६२१७५५२०), शिर्षक नं १४५२९ जाँचपास वापत ८.५५% (रु ५८१८८२०) र शिर्षक नं १४२२९ अन्य प्रशासनिक शुल्क वापत ०.०३% (रु २१४००) यातायात सेवाको पञ्जिकरणको लागि भएको देखिन्छ ।

साथै सरकारी सम्पत्तीको लिलाम बिक्रीबाट शिर्षक नं १४२१२ अन्तर्गत रु ५०५० प्राप्त भएको देखिन्छ । (चित्र १९)




चित्र १९ राजश्व संकलन विवरण

## ३.२ विनियोजित बजेट तथा खर्चको प्रगति

यस आर्थिक वर्षमा कुल रु २,०९,५१,००० दुई करोड नौ लाख एकाउन्न हजार रुपैया विनियोजन भएको । यस मध्ये चालु तर्फ रु १७९५१००० र पुजिगत तर्फ रु ३०००००० भएको । यस आर्थिक वर्पमा खर्चको फाँटवारी हेर्दा चालुमा ८३.७७% र पुजिगतमा ९३.११% गरी कुल जम्मा ८४.५५ % खर्चको प्रगति भएको देखिन्छ ।(तालिक २)

तलिका २ विनियोजन बजेट तथा खर्चको प्रगति

| शिर्षक | विनियोजित बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| चालु | १७९५१००० | १५०३८२८९.२० | . ८३.७७ |
| पुजिगत | ३०००००० | २७९३१८७ | . ९३.११ |
| जम्मा | . २०९५१००० | १७८३१४७६.२ | ८५.११ |

## ३.३ लेखापरीक्षण तथा वेरुजु

यस आर्थिक वर्षमा दुई पटक आन्तरिक लेखा परिक्षण र एक पटक महालेखा नियन्त्रकको कार्यालयबाट लेखापरीक्षण सम्पन्न भएको। हालसम्म वेरुजु शुन्य रहेको।

## ३.४ जिन्सी निरीक्षण तथा लिलामी

यस आर्थिक वर्षमा मिति २०८२।०४।१९ गते सम्पत्ति तथा जिन्सी निरीक्षण समिति गठन गरी मिति २०८२/०४/२९ गते जिन्सी निरीक्षण कार्य सम्पन्न भएको।सो पश्चात सम्पत्ति तथा मालसामानको नियमित मर्मत सम्भार गरि चालु अवस्थामा राखिएको ।

जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम विक्री गर्नुपर्ने भनी यकिन भएका दुई वटा प्रिन्टरको लिलाम बढावढको मध्यमबाट मिति २०८३/०३/२३ गते सम्पन्न गरिएको ।

# परिच्छेद – चार

## ४.१ सार्वजनिक सेवा प्रवाह

### ४.१.१ राजश्व भुक्तानीमा सहजिकरण

सेवाग्राहीले राजश्व बुझाउने समय विहान १० बजे देखि ५ भए तापनि कार्यालयले बैकमा राजश्व जम्मा गर्नु पर्ने समय ३:३० भित्र भएकोले कार्यालयमा राजश्व बुझ्ने समय २:३० बजेसम्म मात्र भएकोमा सरकारी राजश्व प्रणाली (राजश्व प्लेटफर्म) मार्फत QR कोड निकाली राजश्व जम्मा अनलाइन भुक्तानी गर्न सकिने व्यवस्था विस्तार गरिएको।

संघीय कार्यालय जिल्ला: रुपन्देही कार्यालय कोड नं : ३३७०३४८०१

उद्देश्य : ( सवारी जाँच पास, पटके, रुट पर्मिट)

राजश्व शिर्षक: १४२२५- यातायातक्षेत्रको आम्दानी (पटके, रुट पर्मिट)

१४५२९- अन्य राजश्व (सवारी जाँचपास)

१४२२९ – अन्यप्रशासनिक सेवा शुल्क ( पञ्जिकरण)

### ४.१.२ सेवाग्राही सहयता कक्ष

कार्यालयमा आवश्यक पर्ने विभिन्न अनुसूची फारमहरु वितरण, कार्यालयको सेवावारे जानकारी दिन तथा सेवाग्राहीहरुको सहजिकरणका लागि सेवाग्राही सहायता कक्ष स्थापना गरिएको छ।

### ४.१.३ गुनासो सुन्ने अधिकारीको व्यवस्था

यस कार्यालयको सेवा प्रवाहमा केही समस्या रहेको भए सम्बन्धित शाखा प्रमुखहरुबाट गुनासो सुनवाइको कार्य भइरहेको । सो गुनासो समाधान नभएको अवस्थामा कार्यालय प्रमुखले गुनासो समाधान गरिरहनु भएको ।

### ४.१.४ अतिरिक्त समयमा पटके सेवा

सेवाग्राहीहरुलाई पटके सेवा विहान ६ बजे देखि बेलुकी ९ बजेसम्म प्रदान गरिएको ।

४.२ सूचनाको हक

४.२.१ वेभसाइट निर्माण

यस कार्यालयको आधिकारिक वेभसाइट नभएकोमा कार्यालयले आफ्नै पहलमा सूचना विभाग तथा राष्ट्रिय सूचना प्रविधि केन्द्रको समन्वयमा कार्यालयको आधिकारिक वेभसाइट www.vftcbutwal.gov.np सञ्चालनमा ल्याएको छ ।

४.२.२ स्वतः प्रकाशित

कार्यालयले आफ्नो मासिक प्रगति र सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी  नियमावली, २०६५ बमोजिम स्वतः प्रकाशन वेभसाइट मार्फत सार्वजनिक गरिरहेको छ।

४.२.३ सूचना अधिकारी

सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी  नियमावली, २०६५ बमोजिमका सूचनाहरु कार्यालयले सूचना अधिकारी (सम्पर्क नं ९७६८२८१४०२) मार्फत प्रदान गरिने व्यवस्था गरेको छ ।

४.३ सुशासन

४.३.१ इ-हाजिरी

नेपाल सरकारको नीति अनुरुप कार्यालयले इ-हाजिरी मेशिन जडान गरी सूचना विभागसँग इन्टिग्रेट हुने गरी इ-हाजिरीको सुरुवात गरेको छ। मासिक हाजिर प्रमाणित गरि राख्ने व्यवस्था समेत गरिएको छ ।

४.३.२ एकिकृत कार्यालय व्यवस्थापन प्रणाली

नेपाल सरकारको नीति अनुरुप कार्यालयले दर्ता चालानी तथा टिप्पणी फाइलहरु एकिकृत कार्यालय व्यवस्थापन प्रणाली मार्फत हुने गरी तयारी गरिरहेको छ ।

### ४.४ अन्य

#### ४.४.१ ३ फेज लाइन जडान


यस आर्थिक वर्षमा कार्यालयको आफ्नै नाममा २० के भि ए को ३ फेजको विद्युत जडान गरिएको छ।

#### ४.४.२ इन्टरकम जडान

कार्यालयमा शाखा र कर्मचारीहरु बीच सम्पर्क तथा सञ्चार सेवा सहजिकरणका लागि इन्टरकम जडान गरिएको छ।

#### ४.४.३ आधिकारिक इमेल

यस आर्थिक वर्षमा कार्यालयको आधिकारिक इमेल info.butwalvftc@dotm.gov.np कायम गरिएको छ ।




अन्तरप्रदेशिय बाटो इजाजतपत्रको नमुना


<u>सम्पर्क:</u>

# सवारी परीक्षण कार्यालय

वेलबास, बुटवल उप-महानगरपालिका -१३

फोन नं ०७१-४२४२४६

इमेल: info.butwalvftc@dotm.gov.np र vftcbutwal@gmail.com

वेभसाइट: www.vftcbutwal.gov.np

Facebook: vftcbutwal

सूचना अधिकारी : ९७६८२८१४०२

कार्यालय प्रमुख: ९८५७०८०७७४